# मानव अधिकारपत्र

राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

वर्ष ७ अङ्क १० चैत २०८१


## तीनकुने र भृकुटीमण्डपको प्रदर्शन र आयोगको अनुगमन





गणतन्त्र पक्षधर समाजवादी मोर्चा र राजसंस्था पक्षधर राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिले २०८१ चैत १५ गते आयोजित छुट्टाछुट्टै प्रदर्शनसहित आमसभाको आयोगले अधिकार दृष्टिकोणबाट अनुगमन गरेको छ ।

काठमाडौँको भृकुटीमण्डपमा आयोजित समाजवादी मोर्चाको प्रदर्शनसहितको आमसभामा आयोगका मा. सदस्य मिहिर ठाकुर र संयुक्त जनआन्दोलन समितिको सभामा डा. लिली थापाको नेतृत्वमा अनुगमन टोली परिचालन भएको थियो ।

समाजवादी मोर्चाको कार्यक्रम शान्तिपूर्ण भएको पाइएता पनि आयोजकहरूले मूल सडकमै मञ्च स्थापना गरी कार्यक्रम गर्दा बिहानैदेखि सवारी आवागमन अस्तव्यस्त हुँदा यात्रुहरूले शास्ती खेप्नुपरेको, नागरिकहरूको आवतजावतमा अवरोध भएको र आसपासका व्यवसायीहरूले पसल बन्द गर्नुपरेको अवस्था थियो ।

तीनकुनेमा भएको प्रदर्शन भने हिंसात्मक बन्न पुग्दा मानवीय र भौतिक क्षति पुगेको अनुगमनमा पाइएको छ । प्रदर्शनको क्रममा प्रहरीको गोली लागी कीर्तिपुर निवासी

२९ वर्षीय सविन महर्जन र आगजनीमा परी एभिन्यूज टेलिभिजनका पत्रकार सुरेश रजकको मृत्यु भएको छ । दर्जनभन्दा बढी मानिसहरू गोली लागी घाइते भएका छन् । सभास्थलमा अश्रु ग्याँस प्रहार गरिएको छ । निजी र सरकारी भवन, भौतिक सम्पत्ति र सवारी साधनमाथि आगजनी, तोडफोड र लुटपाट गरी क्षति पुगेको देखिएको छ । यस घट्नामा आयोगबाट स्थलगत अनुगमको लागि खटिएको टोलीमाथि पनि अभद्र व्यवहार हुनुको साथै भौतिक आक्रमणसमेत भएको छ । घटनाको सम्बन्धमा सम्बद्ध पक्षले जिम्मेवारी नलिनुका साथै घटनामा संलग्नहरूको पहिचान गरी हालसम्म कुनै कारबाही भएको छैन ।

अनुगमनबाट प्राप्त तथ्यसमेतलाई आधार मानी आयोगले विज्ञसहितको सहयोगमा उच्चस्तरीय टोलीले अनुसन्धान कार्य अगाडि बढाएको छ । यसबीचमा आयोगले मृतकका परिवार, घाइते र आफन्तहरू, आयोजक संस्थाका जिम्मेवार व्यक्तिहरूसँग पनि जानकारी लिएको छ । त्यसै गरी सुरक्षा निकायका अधिकारीहरूसँग पनि सोधपुछ गर्नुको साथै विज्ञहरूसँग पनि छलफल गरेको छ । अनुसन्धान कार्य सम्पन्न गरी आयोगले प्रतिवेदन सार्वजनिक गर्ने भएको छ ।

उक्त दिनको कार्यक्रममा उत्पन्न हुन सक्ने परिस्थितिसमेतलाई मध्यनजर राखी आयोगले अघिल्लो दिन (चैत १४) मा काठमाडौं उपत्यकाका प्रमुख जिल्ला अधिकारीहरू र सुरक्षा निकायका प्रमुखहरूबीच सुरक्षा अवस्थाबारे छलफल गरेको थियो । यस सम्बन्धमा आयोगले चैत १४ गते प्रेस-विज्ञप्ति जारी गरी १५ गतेको जनप्रदर्शनलाई शान्तिपूर्ण बनाउन आयोजकहरूलाई अपिल र शान्तिसुरक्षाप्रति गम्भीर हुन सरकारलाई निर्देशनसमेत दिएको थियो ।

## राप्रपाद्वारा आयोजित प्रदर्शनको अनुगमन

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले राजतन्त्र र हिन्दू राज्य पुनर्स्थापनाको माग गर्दै २०८१ चैत २६ गते बल्खुमा आयोजना गरेको प्रदर्शन तथा बृहत खबरदारी सभा कार्यक्रमको आयोगले मानव अधिकार दृष्टिकोणबाट अनुगमन गरेको छ ।

प्रदशर्नसहितको सभा शान्तिपूर्ण रूपमा समापन भएको थियो । बल्खुबाट कलङ्कीतर्फको एकलेन बाटो पूर्णरूपमा बन्द गर्नुको साथै सडकमै मञ्च निर्माण गरी कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक यातायात अवरुद्ध भएको थियो । यसबाट सर्वसाधारण नागरिकहरूले सास्ती व्यहोर्नुपरेको र कार्यक्रमस्थल वरपरका व्यवसायीहरूले पसल बन्द गर्नुपर्ने बाध्यता सृजना भएको अनुगमनमा पाइएको थियो । कार्यकम समाप्तिपछि आयोजकले नै कार्यक्रमस्थल सरसफाइ गरेका थिए । सो अनुगमनमा मानव अधिकार अधिकृतहरू कल्पना नेपाल आचार्य, सुमित्रा राई, सनिक्षा बादे र विपुल गौतमसहितको टोली संलग्न रहेको थियो ।

## शिक्षक आन्दोलन र आयोगको अनुगमन

नयाँ शिक्षा ऐनको माग राख्दै चैत २० गतेदेखि काठमाडौँमा जारी शिक्षकहरूको आन्दोलनको आयोगले मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गरिरहेको छ ।

आन्दोलनको कारण नियमित पठनपाठन, विद्यार्थी भर्ना, एसइइ परीक्षाको उत्तरपुस्तिका परीक्षण र कक्षा १२ को



बोर्ड परीक्षामा समेत असर परेको छ । काठमाडौको नयाँ बानेश्वर क्षेत्र आसपासको यातायात सेवा समेत प्रभावित हुन पुगेको छ ।

शिक्षकहरूको छाता सङ्गठन राष्ट्रिय शिक्षक महासङ्घ र नेपाल सरकारबीच यसअघि पटक-पटक सम्झौता भए पनि उक्त सम्झौता कार्यान्वयन नभएको भन्दै शिक्षकहरूले शिक्षा ऐन जारी नभएसम्म आन्दोलन नरोकिने जनाएका छन् ।

आयोगले अनुगमनबाट प्राप्त तथ्यलाई अध्ययन गरी वार्ताको माध्यमबाट यथाशीघ्र समस्या समाधान गर्नको लागि सरकार र महासङ्घलाई आग्रह गरेको छ । यस सम्बन्धमा आयोगबाट २०८२ वैशाख २ गते वार्ताबाट तत्काल निकास खोज्न र ८ गते शिक्षाको अधिकार प्रचलनमा अवरोध हुन नदिन अनुरोध गर्दै विज्ञप्ति जारी गरेको छ ।

## सङ्क्रमणकालीन न्यायसम्बन्धी छलफल



बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगहरूमा पदाधिकारी सिफारिस गर्नको लागि नेपाल सरकारले दोस्रो पटक गठित समितिमा राष्ट्रिय मानव अधिकार आयोगबाट मा. सदस्य लिली थापालाई प्रतिनिधिको रूपमा पठाइएको छ ।

यी दुई आयोगमा सक्षम तथा निष्पक्ष पदाधिकारी छनौट गरी सङ्क्रमणकालीन न्याय प्रक्रिया अगाडि बढाउने सम्बन्धमा सिफारिस समितिका सदस्यहरू, पीडित तथा अन्य सरोकारवालाहरूबीच आयोगका मा. सदस्य लिली थापाज्यूको अध्यक्षतामा २०८१ चैत २९ गते आयोगमा छलफल कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रमका सहभागीहरूले समितिले नै परामर्श कार्यक्रमको आयोजना गरी पीडितका भनाइ सङ्कलन गर्न सुझाव दिँदै राष्ट्रिय मानव अधिकार आयोगले कार्यक्रम गरी सहजीकरण गरेकोमा धन्यवाद दिएका थिए ।



नवगठित आयोगहरूमा एउटा बलियो सहजीकरण गर्ने र

दृढ इच्छाशक्ति भएको व्यक्तिले नेतृत्व गर्नु उपयुक्त हुने र आयोगका कामकारबाही पीडितमैत्री तथा लैङ्गिकमैत्री हुनुपर्ने कुरामा जोड दिएका थिए। आयोगले अभिभावकीय भूमिका निर्वाह गर्दै सङ्क्रमणकालीन न्याय प्रक्रियामा सहजीकरण गर्नुपर्ने, विगतका सिफारिसहरू पनि कार्यान्वयनमा जोड दिनुपर्ने उनीहरूको भनाइ थियो। दलनिकट वा दलीय सिफारिसमा आउने सूचीका व्यक्तिहरूलाई यो सिफारिस समितिले सिफारिस नगरी सक्षम र निष्पक्ष पदाधिकारीहरूको छनौट गर्नुपर्नेमा उनीहरूको जोड थियो।

कार्यक्रममा नेपाल सरकार प्रधानमन्त्रीका कानून तथा मानव अधिकार सल्लाहकार मा. अग्नी खरेल, छनौट समितिका सदस्यहरू खम्मबहादुर खाती र स्टेला तामाङ, पूर्वरथी बालानन्द शर्मा, सङ्घीय सांसद मा. मैना कार्कीको सहभागी रहनुभएको थियो। यसै गरी पूर्वमन्त्री देवी खड्का, द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारी, द्वन्द्वपीडित राष्ट्रिय सञ्जालका अध्यक्ष गोपालबहादुर शाह, डा. रामकुमार भण्डारी, सुरेन्द्र खत्री, लेनिन विष्ट आदिको पनि उपस्थिति रहेको थियो।

## स्वतन्त्र विद्यार्थी यूनियनको निर्वाचन अनुगमन



त्रिभुवन विश्वविद्यालयअन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा चैत महिनामा सम्पन्न स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचनमा आयोगको केन्द्रीय र प्रदेश कार्यालयहरूबाट मानव अधिकार दृष्टिकोणले अनुगमन सम्पन्न गरेको छ।

कोशी प्रदेश कार्यालयबाट चैत ५ गते महेन्द्र मोरङ आदर्श क्याम्पस, विराटनगर र महेन्द्र बहुमुखी क्याम्पस, धरानमा सम्पन्न निर्वाचनको अनुगमन गरेको छ। अनुगमन गरिएका क्याम्पसहरूमा विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहको, विभिन्न विद्यार्थी सङ्गठनहरूले स्वेच्छिक रूपमा मतदाताहरूलाई मतदानस्थलसम्म पुऱ्याउने र मतदानसम्न्धी अस्पष्टतालाई स्पष्ट पार्ने कार्य गरेको, विद्यार्थी मतदाताहरूले शान्तिपूर्ण र भयरहित



बातावरणमा मताधिकारको प्रयोग गरेको पाइएको छ।

यसै गरी आयोगको वाग्मती प्रदेश कार्यालयले मकवानपुर र चितवन जिल्लाका विभिन्न क्याम्पसहरूमा सम्पन्न निर्वाचनको अनुगमन गरेको छ। अनुगमनमा वन विज्ञान अध्ययन संस्थान, मकवानपुर र चितवन इन्जिनियरिङ्ग क्याम्पस, चितवनमा शान्तिपुर्ण, स्वतन्त्र र भयरहित वातावरणमा तोकिएको मितिमा नै निर्वाचन सम्पन्न



भएको पाइएको हो।

चितवन जिल्लास्थित वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरमा केही विद्यार्थी सङ्गठनले आफ्नो मागहरू सम्बोधन नभएको भनी विरोधका कार्यक्रम गर्दा तोकिएको समयमा निर्वाचन नभई चैत ९ गते सम्पन्न भएको छ ।

त्यसै गरी रामपुर क्याम्पस खैरहेनी, चितवनमा समेत फागुन २७ उम्मेद्वार मनोनयनको क्रममै विभिन्न माग राखी विद्यार्थी सङ्गठनहरूले निर्वाचन कार्यालयमा तालाबन्दी गरेपछि निर्वाचन स्थगित भएको पाइएको छ ।

आायोगको गण्डकी प्रदेश कार्यालय, पोखराले पृथ्वीनारायण क्याम्पस, इन्जिनियरिङ अध्ययन संस्थान, पश्चिमाञ्चल क्याम्पस, पोखरा नर्सिङ क्याम्पस र वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसमा फागुन २७ गते भएको उम्मेदवारी मनोनयन दर्ता र चैत ५ गते सम्पन्न मतदानको अनुगमन गरेको छ । उम्मेदवारी मनोनयन दर्ता शान्तिपूर्ण रूपमा सम्पन्न भएको भए पनि निर्वाचनको दिन पृथ्वीनारायण क्याम्पसमा मतपत्रमा भएको त्रुटिको कारण मतदान हुन नसकी पुनः चैत १० गते निर्वाचन भएको थियो । इन्जिनियरिङ अध्ययन संस्थान



पश्चिमाञ्चल क्याम्पसमा नेविसङ्घबाट सचिव पदका उम्मेदवारीलाई निर्वाचन समितिले उम्मेदवारी रद्द गरेको भनी केही समय मतदान प्रक्रिया रोकिएपनि पछि मतदान सुचारु भएको थियो । पोखरा नर्सिङ क्याम्पस र वन विज्ञान



अध्ययन संस्थानमा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको थियो ।

आयोगको केन्द्रीय कार्यालयबाट समेत उपत्यकाका विभिन्न क्याम्पसहरूमा विभिन्न मितिमा सम्पन्न निर्वाचनको अनुगमन गरेको छ । केही क्याम्पसहरूमा विद्यार्थीहरूबीचको विवादका कारण तोकिएको मितिमा मतदान सम्पन्न हुन नसके पनि प्रायः क्याम्पसहरूमा शान्तिपूर्णरूपमा निर्वाचन सम्पन्न भएको पाइएको छ ।

स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनका लागि त्रिभुवन विश्वविद्यालयले राष्ट्रिय मानव अधिकार आयोगलाई पर्यवेक्षकको भूमिका निर्वाह गर्ने भनी निर्देशिकामा व्यवस्था गरेको छ ।



## कोशी प्रदेशका ११ जिल्लाका कारागारहरूको अनुगमन





आयोगको कोशी प्रदेश कार्यालयले प्रदेशभित्रका ११ वटै जिल्लाका कारागारहरूको अनुगमन सम्पन्न गरेको छ । प्रदेश कार्यालयले आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्ययोजनाबमोजिम चैत महिनामा इलाम र पाँचथर जिल्लाका कारागारहरूको अनुगमन गरेको छ । यस अगाडि प्रदेशभित्रका बाँकी जिल्ला कारागारहरूको अनुगमन सम्पन्न भएको थियो । अनुगमनबाट केही कारागारहरूमा नयाँ भौतिक संरचना निर्माण भएता पनि अधिकांश कारागारहरू पुराना र जीर्ण अवस्थामा रहेका र क्षमताभन्दा बढी कैदी/बन्दीहरू राखिएको पाइएको छ । यसै गरी अधिकांश कारागारहरूमा हावा र प्रकाशको अपर्याप्तता, शौचालय, स्नान गर्ने ठाउँ तथा सरसफाइमा समस्या देखिएको छ । कारागारभित्र नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गरिएता पनि आवश्यक औषधीहरूको अभाव हुने गरेको पाइएको छ । सबै कारागारहरूमा स्वास्थ्यकर्मीको दरबन्दीअनुसार पदपूर्ति हुन नसकेको, सङ्क्रामक रोगहरू भएका व्यक्तिहरूलाई सामान्य कैदीहरूसँगै राख्ने गरिएको तथा मानसिक रूपमा अशक्त कैदीहरूका लागि विशेष व्यवस्थापनको अभाव आदि समस्याहरू रहेको अवस्था छ ।

## चेपाङ समुदायको मानव अधिकार अवस्थासम्बन्धी परामर्श




अतिसीमान्तकृत आदिवासी जनजातिको सूचीमा रहेका चेपाङ समुदायको मानव अधिकार अवस्थासम्बन्धी परामर्श कार्यक्रम २०८१ चैत १० गते हेटौंडामा सम्पन्न भएको छ । चेपाङ समुदायको मानव अधिकार अवस्था अध्ययन गरी आयोगले तयार पारेको अध्ययन प्रतिवेदन-२०८१ को मस्यौदामाथी सरोकारवाला निकायसँग छलफल गरेको हो ।

अध्ययन टोलीका सदस्य मानव अधिकार अधिकृत किरणकुमार बरामले प्रस्तुत गर्नुभएको मस्यौदा प्रस्तुतिकरणमा केन्द्रीत रही सहभागिहरूबाट विभिन्न सुझावहरू प्राप्त भएका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश प्रमुख, प्रदेश सभाका सदस्यहरू र प्रमुख जिल्ला अधिकारीले आयोगबाट भएका सिफारिस कार्यान्वयन र चेपाङ समुदायका समस्याहरू समाधान गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभएको थियो । चेपाङ सङ्घ नेपालका अध्यक्ष तथा संविधान सभा सदस्य गोविन्दराम चेपाङले चेपाङहरूको उत्थानको लागि राज्यले बेवास्ता गर्न नहुने, गाँस बास र कपासजस्ता आधारभूत

अधिकारबाट वञ्चित गर्न नहुने र राज्यका हरेक निर्णय तथा कार्यक्रममा चेपाङहरूको पहुँच स्थापित गरिनुपर्नेमा जोड दिनुभएको थियो । आयोगका सचिव मुरारिप्रसाद खरेलले आयोगका काम कर्तव्य अधिकारको बारेमा प्रष्ट पार्दै कार्यक्रममा सहभागिहरूबाट आएका सुझाव तथा प्रतिबद्धताको लागि धन्यवाद ज्ञापन गर्नुभएको थियो । आयोगका सचिव श्री मुरारिप्रसाद खरेलको अध्यक्षता र वाग्मती प्रदेश प्रमुख मा. दीपकप्रसाद देवकोटाको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त परामर्श कार्यक्रममा वाग्मती प्रदेश सभाका सदस्य, संविधान सभा सदस्य, प्रमुख जिल्ला अधिकारी, प्रदेश प्रहरी तथा जिल्ला प्रहरी कार्यालयका प्रमुखहरू, सरोकारवालाहरू, सरकारी तथा गैरसरकारी सङ्घसंस्थाका प्रमुख/प्रतिनिधिहरू, सञ्चारकर्मी, नागरिक समाज तथा चेपाङ समुदायका अगुवाहरूको उपस्थिति रहेको थियो ।

## मानव बेचबिखनविरुद्धको आवधिक प्रतिवेदनमाथि छलफल

मानव बेचबिखनविरुद्धको आवधिक प्रतिवेदन प्रकाशनका लागि आयोगले २०८१ चैत ७ गते सरोकारवालाहरूसँग आवश्यक राय तथा सुझाव सङ्कलन कार्यक्रम सम्पन्न गरेको छ ।

प्रा. डा. श्री गोविन्द पौडेलले प्रतिवेदन खाका सम्बन्धमा र आयोगको केन्द्रीय कार्यालय सामूहिक अधिकार महाशाखा प्रमुख श्री लोकनाथ बास्तोलाले विषय केन्द्रित प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरूले मानव बेचबिखन नियन्त्रणको लागि सबै निकायले जवाफदेहिता बहन, मानव अधिकारको सुनिश्चितता गर्न सूचित योजना निर्माण गर्नुपर्नेमा जोड दिनुभएको थियो । त्यसै गरी मानव बेचबिखनका घटनाहरू धेरै भइरहँदा पनि न्यूनमात्रामा प्रहरीमा मुद्दा दर्ता, अपर्याप्त सेफ हाउसको कारण उत्पन्न हुने समस्या, आन्तरिक बेचबिखन, अवैध बाटोबाट विदेश जाने प्रवृति, ब्राउन स ुगर आदिको प्रयोग लगायतका कारणबाट बेचबिखनको सङ्ख्यामा वृद्धि हुँदै गएकोले यसलाई सम्बोधन गर्नुपर्नेमा ध्यान दिनुपर्ने उनीहरूको भनाइ थियो । कार्यक्रममा आयोगका सचिव,



सहसचिव, उपसचिव, विकास साझेदार तथा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

## एच.आई.भी. सङ्क्रमित व्यक्तिहरूको मानव अधिकार अवस्था अनुगमन

आयोगले गण्डकी प्रदेशको कास्की र तनहुँ जिल्लाका एच.आई.भी. सङ्क्रमित व्यक्तिहरूको मानव अधिकार अवस्थाको अनुगमन गरेको छ । अनुगमन टोलीले चैत ५ देखि १० गतेसम्म उक्त जिल्लाहरूमा स्थलगत अनुगमन गरी सङ्क्रमितहरूको अवस्था, ए.आर.टी.सेन्टरमार्फत उपलब्ध गराउँदै आएको सेवा र औषधीको उपलब्धता आदिको बारेमा जानकारी लिएको हो ।

अनुगमनमा प्राप्त जानकारीअनुसार गण्डकी प्रदेशमा १,५२८ जना सङ्क्रमितहरूले ए.आर.टी. सेन्टरहरूबाट नियमित सेवा लिइरहेको पाइएको छ । हाल औषधीहरूको

सहज उपलब्धता भइरहेको पाइएता पनि गम्भीर खालको उपचारको क्रममा अस्पतालहरूमा सङ्क्रमितहरूको शल्यक्रिया गर्न ढिलाइ हुने एवं बिनाआधार अन्यत्र पठाउने, लान्छना र विभेद गर्ने परिपाटी यथावत नै रहेको सङ्क्रमित पीडितहरूले आयोगको टोलीसमक्ष गुनासो गरेका छन् ।

स्वास्थ्यको अधिकार नागरिकहरूको मौलिक अधिकारको रूपमा संविधानमा उल्लेख भए पनि एच.आई.भी. सङ्क्रमितहरूको स्वास्थ्य सेवालाई प्रदेश सरकारको नीति तथा योजनाहरूमा समावेश हुन नसकेको पाइएको छ । अनुगमनपश्चात् आयोगले सङ्क्रमित किशोर-किशोरीको लागि शिक्षा तथा रोजगारीको विशेष व्यवस्था गर्न, अनुदानमा सञ्चालित कार्यक्रम बन्द भएको अवस्थामा लाभग्राही सङ्क्रमितहरूको यथोचित व्यवस्था गर्न नेपाल सरकार र प्रदेश सरकारलाई सिफारिस गरेको छ । यसका साथै सिफारिसमा बन्द अवस्थामा रहेका भाइरल लोड मेशिन यथाशक्य चाँडो सुचारु गर्ने व्यवस्था मिलाउन, दिगो श्रोतको व्यवस्था गर्न, दिगो विकास लक्ष्यलाई आन्तरिकिकरण गर्न, स्वास्थ्य जनशक्तिको व्यवस्थापन गर्न पनि भनिएको छ ।

आयोगले यसअघि नै वाग्मती, लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रदेशमा एच.आई.भी. सङ्क्रमित व्यक्तिहरूको मानव अधिकार अवस्था अध्ययन/अनुगमन गरी अध्ययन प्रतिवेदन सार्वजनिक गरिसकेको छ ।

## बाल सुधारगृहमा भएको झडप, आगजनी र लुटपाट अवस्थाको अनुगमन

बाँकेको डुडुवा गाउँपालिका वडा नं ६ मा रहेको जयन्दु बाल सुधार गृहका बालबन्दीहरूबीचमा भएको विवादपछि भएको झडप, आगजनी र लुटपाटको सम्बन्धमा आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जले अनुगमन गरेको छ ।

अनुगमनबाट चैत १ र २ गते बालबन्दीहरूको एक समूहले राती सुतिरहेको समयमा अर्को समूहमाथि खुकुरी प्रहार गरी सुधारगृहबाट बाहिर निकाली सुधारगृहमा आगो लगाएपछि सुधारगृह तनावग्रस्त भएको पाइएको छ । उक्त सुधार गृहमा १८ वर्षमाथिका बालबिज्याइँकर्ताहरूको सङ्ख्या धेरै भएको कारण फरक-फरक समूहमा विभाजित भई सुधारगृहलाई आफु अनुकुल नियन्त्रणमा राख्ने प्रयासस्वरूप घटना भएको जानकारी पाइएको छ । घटनाअघि नै उनीहरूले सुरक्षाकर्मीलाई डर र त्रास देखाइ सुधारगृहको मुल ढोकाको साँचोसमेत कब्जामा लिई सुधारगृह नै नियन्त्रणमा लिएको सुरक्षाकर्मीले बताएका छन् । सुरक्षाकर्मीमाथि ढुङ्गामुढा गरी सुधारगृह प्रवेश गर्न नदिएको, नजिकै रहेको गाउँका पसलका समानहरू लुटेर लगेको, सुधारगृहको पहिलो तलामा आगो लगाएको बुझिएको छ ।

अनुगमनको समयमा उक्त सुधारगृहमा २५५ जना बालबन्दी र १२ जना सुरक्षाकर्मीहरू सुरक्षार्थ खटिएको र सुरक्षाकर्मीले सुधारगृह र घटनामा संलग्नहरूलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको पाइएको छ । उक्त झडपमा परी ४७ जना बालबिज्याइँमा संलग्न र तीन जना प्रहरीसमेत घाइते भएका थिए । सो सुधारगृहमा गत वर्षमात्रै यस्तै झडपमा परी एक जनाको मृत्यु समेत भएको थियो । यस प्रकृतिका घटना हुनुमा विशेषत: १८ वर्ष नाघेकाहरूको सङ्ख्या अधिक हुनु र न्यून सङ्ख्यामा सुरक्षाकर्मीहरू परिचालित हुनु आदि कारण रहने गरेको सुधारगृह प्रशासनको भनाइ छ । अनुगमन टोलीमा मानव अधिकार अधिकृतहरू द्वारिकाकुमारी अधिकारी, धनराज शाही र सूचना प्रविधि अधिकृत सुलोचन चौधरी संलग्न रहनुभएको थियो ।

## कार्ययोजना तर्जुमा कार्यक्रम



आयोगको क्षमता मूल्याङ्कन प्रतिवेदन (Capacity Assessment Report) को सिफारिसहरू कार्यान्वयन गर्नको लागि आवश्यक कार्ययोजना तर्जुमा गर्ने उदेश्यसहित आयोगले यूएनडीपी-एसपीएसपीसँगको सहकार्यमा चैत १७ देखि २० गतेसम्म नगरकोटमा तीन दिने कार्यशाला सम्पन्न गरेको छ । सन् २०२४ मा युनएनडीपीको सहयोगमा आयोगको क्षमता र कमजोरीहरूको मूल्याङ्कन गरी क्षमता सवलीकरणको लागि विभिन्न रणनीतिक प्राथमिकताहरू र कियाकलापहरूसहित कार्यान्वयनको लागि सिफारिस गरेको थियो ।

कार्यक्रमको उद्घाटन सत्रमा सचिव मुरारिप्रसाद खरेलले आयोगको आवश्यक स्रोत व्यवस्थापनसँग सम्बन्धित अवरोधहरूको बारेमा प्रकाश पार्दै सो प्रतिवेदनका सिफारिसहरूलाई सम्बोधन गर्न यथार्थपरक दृष्टिकोणको आवश्यकतामा जोड दिनुभएको थियो । कार्यक्रममा अन्तर्राष्ट्रिय विज्ञ तथा प्रतिवेदन टोलीका सदस्य डा. अहमद शाहिदले सहजीकरण गर्दै प्रमुख सिफारिसहरूलाई व्यवाहारिक र रणनीतिक कार्यहरूमा रूपान्तरण गर्न सहभागीहरूलाई मार्गदर्शन गरेका थिए ।

आयोगका मा. अध्यक्ष तपबहादुर मगरले कार्ययोजनाहरूको व्यवहारिक कार्यान्वयनमा जोड दिनुभएको थियो । आयोगका मा. सदस्य मनोज दुवाडी र डा. लिली थापाले पनि उक्त सिफारिसहरूको कार्यान्वयन गरी आयोगको क्षमता सबलीकरण गर्नुपर्नेमा उल्लेख गर्नुभएको थियो । कार्यशालामा आयोगका सचिव, विभागीय प्रमुखहरू, प्रादेशिक कार्यालय प्रमुखहरू, महाशाखा प्रमुखहरूको सहभागिता रहेको थियो ।

## तनाव व्यवस्थापनसम्बन्धी अभिमुखीकरण



आयोगमा कार्यरत कर्मचारीहरूलाई मध्यनजर गरी समन्वय विभागको पहलमा २०८१ चैत १४ गते तनाव व्यवस्थापनसम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

आयोगको सभाहलमा सम्पन्न सो कार्यकममा डा. नर्मता पाण्डे र संगिता लउडारीले प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएको थियो । सो अभिमुखीकरण कार्यकममा प्रशिक्षकद्वयले मानसिक स्वास्थ्य अवस्था, तनाव व्यवस्थापनको सैद्धान्तिक पक्ष र यसको व्यवहारिक प्रयोगको सम्बन्धमा चर्चा गर्नुभएको थियो ।

कार्यालयको कार्यवातावरण सदैव कर्मचारीको अनुकूल नुहने, कामको चाप, सेवा, सुविधा, सरुवा, वृत्तिविकास, सहकर्मीबीचमा हुने मनमुटाव आदिको कारण तनाव बढ्ने भएकोले कर्मचारीहरुको लागि तनाब व्यवस्थापन महत्वपूर्ण भएको बिषयमा कार्यक्रममा चर्चा गरिएको थियो । आयोगका माननीय अध्यक्ष र सदस्यहरू, केन्द्रीय कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको सो कार्यक्रमलाई सामुहिक अधिकार महाशाखा प्रमुख लोकनाथ बास्तोलाले स्वागत र मानव अधिकार अधिकृत कल्पना नेपाल आचार्यले सहजीकरण गर्नुभएको थियो । समन्वय विभाग प्रमुख सम्झना शर्माले यस प्रकृतिका अभिमुखीकरणसम्बन्धी कार्यले तनाव व्यवस्थापनमा सहयोग पुग्ने जानेमा जोड दिनुभएको थियो । कार्यक्रममा आयोगको केन्द्रीय कार्यालयका ११० जना कर्मचारीहरुको सहभागिता रहेको थियो । प्रदेश र प्रदेश शाखा कार्यालयका कर्मचारीहरु जुममार्फत कार्यक्रममा सहभागिता जनाउनुभएको थियो ।

## समझदारीपत्रमा हस्ताक्षर




नेपालमा मौलिक श्रम अधिकारको कार्यान्वयनलाई प्रवर्धन र सहजीकरण गर्ने, श्रम अधिकार, आप्रवासी कामदारहरूको अधिकार र अन्य जोखिममा परेका कामदारहरूको अधिकारहरूको संरक्षण गर्ने उद्देश्यसहित राष्ट्रिय मानव अधिकार आयोग र आई.एल.ओ. नेपालबीच चैत १३ गते एक समझदारीपत्रमा हस्ताक्षर भएको छ।

आयोगको तर्फबाट सचिव श्री मुरारिप्रसाद खरेल र आई.एल.ओ. नेपालका लागि देशीय निर्देशक श्री नुमान ओज्कानले एक समारोहवीच हस्ताक्षर गर्नुभएको हो।

हस्ताक्षरपछि कार्यक्रमलाई सम्बोधन गर्दै मा. अध्यक्ष तपबहादुर मगरले स्वदेश फिर्ती प्रक्रियालाई समर्थन गर्न, श्रम अधिकारको संरक्षण गर्न र समग्र मानव अधिकारको प्रवर्धनमा सम्झौतापत्रले महत्त्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्नुभयो। सचिव मुरारिप्रसाद खरेलले सबै कामदारहरूको लागि सुरक्षा, मर्यादा र न्याय सुनिश्चित गर्न सामूहिक प्रतिबद्धता आवश्यक रहेको र उक्त समझदारीपत्रले आफ्नो आवाज उठाउन नसक्ने तथा असुरक्षित रूपमा काम गर्ने श्रमिकहरूको मानव अधिकारको संक्षण र संवर्धन गर्नेमा भूमिका खेल्न सहयोग पुग्नेमा जोड दिनुभएको थियो। आई.एल.ओ. नेपालका देशीय निर्देशक श्री नुमान ओज्कानले श्रम अधिकारलाई मौलिक अधिकारको रूपमा मान्यता दिने साझा प्रतिबद्धतालाई कार्यान्वयनमा लैजान सहयोग पुग्ने र यसमा आउने चुनौतीहरूलाई सम्बोधन गर्न सँगसँगै मिलेर जाने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

आयोगका मा. अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा सम्पन्न सो समारोहमा आयोगका मा. सदस्यहरू, आयोगका कर्मचारीहरू र आई.एल.ओ. नेपालका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

## प्रेस विज्ञप्ति/प्रेस नोट

| क्र.सं | विज्ञप्तिको शीर्षक | मिति |
|---|---|---|
| १ | ताप्लेजुङको पाथीभरा क्षेत्रमा भएको झडपको आयोगद्वारा अनुगमन<br>वार्ता र संवादको माध्यमबाट समस्याको समाधान गर । | प्रेस विज्ञप्ति<br>१३ माघ, २०८१ |
| २ | बालिकालाई बन्धक बनाएर श्रमशोषण गरिएको भनिएको घटनामा<br>अनुसन्धान शुरु | प्रेस नोट<br>३० माघ, २०८१ |
| ३ | बालमन्दिरको जग्गा हिनामिना गरेको भनिएको घटनामा अनुसन्धान शुरु | प्रेस विज्ञप्ति<br>२ फागुन, २०८१ |

| | | |
|---|---|---|
| ४ | घटनाको सत्यतथ्य छानविन गरी पीडितलाई न्याय प्रदान गर्न अनुरोध गर्दै आयोगद्वारा भारतीय मानव अधिकार आयोगलाई पत्राचार | प्रेस नोट<br>८ फागुन, २०८१ |
| ५ | सङ्क्रमणकालीन न्याय संयन्त्र गठन प्रक्रिया अघि बढाउन आयोगद्वारा पत्राचार | प्रेस नोट<br>२३ फागुन, २०८१ |
| ६ | बालसुधार गृहमा भएको झडपको घटनामा आयोगबाट अनुगमन शुरु | प्रेस नोट<br>३ चैत, २०८१ |
| ७ | स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनको आयोगले अनुगमन गर्ने | प्रेस नोट<br>४ चैत, २०८१ |
| ८ | *सन्दर्भ ः ६०औं अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवस (मार्च २१)*<br>छुवाछुत तथा जातीय भेदभाव विरुद्धको घटनाका पीडितको न्यायमा पहुँच सुनिश्चित गर । | प्रेस विज्ञप्ति<br>८ चैत, २०८१ |
| ९ | प्रदर्शनलाई शान्तिपूर्ण बनाउन अपिल<br>शान्ति सुरक्षाप्रति गम्भीर हुन निर्देशन | प्रेस विज्ञप्ति<br>१४ चैत, २०८१ |
| १० | हिंसात्मक गतिविधि बन्द गर आफ्ना प्रर्दशनलाई शान्तिपूर्ण बनाऊ । | प्रेस विज्ञप्ति<br>१५ चैत, २०८१ |
| ११ | तीनकुने घटनाको छानविन जारी<br>अनुसन्धान कार्यमा सहयोग पुर्याउन आग्रह । | प्रेस विज्ञप्ति<br>२२ चैत, २०८१ |

**संकलन/सम्पादन मण्डल**

कैलाशकुमार सिवाकोटी
दुर्गा पोखरेल
नेत्रबहादुर गौतम
पवन भण्डारी